


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १४ गते बिहीबार ❑ 30 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा विमानस्थलको ८४ प्रतिशत निर्माण कार्य सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

राष्ट्रिय गौरवको योजना पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य हालसम्म करिब ८४ प्रतिशत सम्पन्न भएको छ ।

करिब २२ अर्बको परियोजना पोखरा विमानस्थल निर्माणको हालसम्म करिब ८४ प्रतिशत निर्माण कार्य सम्पन्न भएको पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना प्रमुख विनेस मुनानकर्मीले बताए । गत बर्ष पहिलो लहरको कोरोना र यस चालु आर्थिक बर्षमा पनि दोश्रो लहरको कोरोनाको कारणले गर्दा कामदार तथा निर्माण सामाग्री समयमै व्यबस्थापन गर्न नसक्दा निर्धारित समय सिमा भित्र उक्त परियोजना सम्पन्न गर्न कठिन भएसंगै ६ महिनाको समयको म्याद थप समेत भएको उनले जनाए । सन् २०२१ को जुलाई १० अर्थात यही असार २६ गते भित्र पोखरा विमानस्थल निर्माण कार्य सम्पन्न हुने गरी चाइनाको सि.ए.एम.सी. कम्पनीले जिम्मा लिए पनि कोरोनाको कारणले गर्दा समय सिमा भित्र नसकिएकोले गर्दा कम्पनीले ६ महिना समय थप गर्न प्रशताव गरेको थियो।



पोखरामा हाल निर्माण भएको २ हजार ५ सय मिटर लम्बाईको रनवे, रनवेको चौडाई भने ४५ मिटरको रिजीट कंक्रिट पेभमेन्टको आधारमा पोखरा विमानस्थलको धावनको मार्ग अन्य क्षेत्रको भन्दा फरक भएको आयोजनाको दाबी छ । ४१७/१२९ मिटरको क्षेत्रफलको अन्तराष्ट्रिय एप्रोन हाल निर्माण भए पनि भविश्यमा पुनः विस्तार गर्ने योजना अनुरुप १५०/१५२ मिटरको जग्गा समेत व्यबस्थापन गरिएको मुनानकर्मीले बताए । ८ हजार अन्तर्राष्ट्रिय र ६ हजार जसो आन्तरिक पर्यटकहरुको लागि, कन्ट्रोल टावर १ सय १७ मिटरको, फायरफाइटिङ क्याटगोरी एटको साथमा एउटा एम्बुसेन्स समेत व्यबस्था गर्ने उनले जनाए । उक्त परियोजनामा हाल १ सय ८५ चाइनिज र २ सय ३० जना नेपाली कामदारहरु कार्यरत रहेको मुनानकर्मीले जनाए । निर्माण व्यवसायीलाई करिब १६ अर्ब भुक्तानी भएको उनले जनाए। डिसेम्बर भित्र विमानस्थलको लागि आवश्यक पर्ने कुर्सी देखि अन्य सामानकहरु समेत पोखरा भित्रि सक्ने मुनानकर्मीको दाबी छ।

आयोजनाको सबै भन्दा ठुलो करिब ६ सय ५० सिट क्षमताको टर्मिनल भवन, टावर, कार्यालय भवन, कार्गो भवन, सहित १४ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भई केहीको फिनिसिङको काम मात्र बाँकी रहेको उनले जनाए । सन् २०१७ जुलाईबाट उक्त परियोजनाको निर्माण कार्य सुरु भएको हो । पोखरा विमानस्थल भित्र इन्धन डिपो निर्माण कार्यको लागि हाल टेण्डर प्रकृया अघि बढेको मुनानकर्मीले बताए। उनका अनुसार हवाई रुटमा पर्ने रिठ्ठेपानीको डाँडा करिब ४० मिटर कटान गर्नु पर्ने त्यसको काम ढिलाइ भएको, बिमानस्थल क्षेत्र भन्दा बाहिर बर्षातको समयमा बग्ने पानी, भित्रि सडक र पृथ्वी राजमार्गको नालाबाट र सिंचाईको नहर बगेर आउने पानीको कारण विमानस्थलको पुर्वी भागमा बाढी पहिरोको समस्या रहेको र पोखरामा ल्याण्डफिल साइड हालसम्म स्थान्तरणको कुनै प्रकृया अघि नबढेको मुनानकर्मीले बताए।

हालसम्म पोखरामा १ सय ५० देखि २ सय सिट क्षेमताका न्यारोवडि जहाजहरु आउने गरी विमानस्थल निर्माण कार्यसंगै छिट्टै संचालन गर्ने तयारी गरिएको पोखरा विमानस्थल कार्यालयका प्रमुख एवं आयोजनाका अप्रेसन संचालन गर्ने जिम्मा पाएका बिक्रम गौतमले बताए। उक्त विमानस्थलबाट पहिलो चरणमा आन्तरिक उडानबाटै सुरु गरी अन्तराष्ट्रिय हवाई उडानको संघ संस्थाहरुसंगको समन्वय र सहकार्य एवं मानयता प्राप्त भएसंगै अन्तराष्ट्रिय क्षेत्रका केही देशहरुसंग सहकार्य गर्ने भएको उनले जनाए। पोखराको लागि हाल अन्तराष्ट्रिय सिमरा, विरगन्ज र चाइनाबाट गरी हाल तीन वटा मात्र हवाई रुट रहेको गौतमले जनाए । पोखरा विमानस्थलमा हाल करिब ३ हजार ८ सय ९९ रोपनी जग्गा रहेको छ जसमध्य ९९ प्रतिशत आयोजनाको नाममा आएको मुनानकर्मीको दाबी छ । २०३२ सालमा पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्ने भन्दै स्थानियले जग्गा अधिग्रहण गरी ३१ सय ६ रोपनी जग्गा व्याबस्थापन गरेका थिए अन्य थप जग्गा आयोजनाले चरणबद्ध रुपमा अधिग्रहण गरेको हो । उक्त परियोजनाको लागि ५ प्रतिशत व्याजदरमा २० बर्षको अवधिमा २६ किस्ता तिर्ने गरी ऋण सम्झौता भएको थियो । सुरुको ७ बर्ष भने (ग्रोस अवधी) कुनै किस्ता तिर्न पर्दैन भने त्यस पछि १३ बर्षसम्म ६/६ महिनामा किस्ता तिर्नुपर्ने हुन्छ । पोखरा विमानस्थलको पुर्वपट्टिको भागमा यस बर्षको ठुलो बर्षाले गर्दा ठुलो पहिरो गएको र केही बस्ती समेत जोखिममा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मानवअधिकार मैत्री समाज निर्माणमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**



गण्डकी प्रदेश सरकारका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले मानवअधिकारको अभियानलाई सार्थक बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले पोखरामा आयोजना गरेको 'मानव अधिकारमैत्री पत्रकारिता' विषयक तीनदिने तालिमको उद्घाटन कार्यक्रममा उहाँले समाचार लेखनमा मानव अधिकारमैत्री शब्द र भाषाको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो। मन्त्री थापाले मानव अधिकारको विषय पत्रकारिताका लागि ज्यादै संवेदनशील र गम्भीर भएको उल्लेख गर्दै समाचार सङ्कलन तथा सम्प्रेषण, प्रस्तुति र प्रभावमा विशेष ध्यान दिनुपर्ने आवश्यकतालाई औँल्याउनुभयो। मानव अधिकारसम्बन्धी सैद्धान्तिक ज्ञानको अभावमा निष्पक्ष समाचार सम्प्रेषण गर्न नसकिने भन्दै उहाँले पछिल्लो समयमा नकारात्मक विषयले धेरै स्थान पाउने गरेको बताउनुभयो । "सरकार वा कुनै पनि व्यक्तिले गरेका राम्रा कामको समाचार सम्प्रेषण गर्नुपर्छ । मानव अधिकारमैत्री पत्रकारिता गर्नु अहिलेको आवश्यकता हो", उहाँले भन्नुभयो, "प्रदेश सरकारले निर्माण गरेको आमसञ्चार विधेयक विधायन समितिमा रहेकाले त्यसमा सच्याउनुपर्ने विषयलाई सच्याएर मात्र पारित गरिनेछ।"

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य लिली थापाले मानव अधिकारमैत्री र लैङ्गिकमुखी पत्रकारितालाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल गर्न कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले समाचार लेख्ने क्रममा व्यक्तिको गोपनीयतालाई ख्याल गर्न पनि आग्रह गर्नुभयो । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले प्रदेश सरकारले ल्याएको आमसञ्चार विधेयक-२०७७ फिर्ता लिनुपर्ने माग गर्दै संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको अवस्थामा आमसञ्चार विधेयकले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरेकामा प्रदेश सरकारले तुरुन्तै विधेयक फिर्ता नलिए पत्रकार महासङ्घले आन्दोलन गर्ने चेतावनी दिनुभयो।

तालिमको उद्देश्यमाथि प्रकाश पार्दै मानवअधिकार आयोगका प्रवक्ता डा. टीकाराम पोखेलले पत्रकार र मानव अधिकारकर्मीको उद्देश्य एउटै रहेको उल्लेख गर्दै पत्रकार एवं सञ्चारमाध्यम विना मानव अधिकारको संरक्षण हुन नसक्ने बताउनुभयो । उहाँले स्वतन्त्रता, सूचनाको हक, मौलिक हकलगायत सबै मानव अधिकार भएको बताउँदै तालिम अवधिभरमा पत्रकारिता र मानव अधिकारको विषयलाई जोड दिइनेछ भन्नुभयो।

## भौतिक पूर्वाधारका कर्मचारीसँग कार्यसम्पादन सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्कालेसंघ र प्रदेश सरकारबाट विनियोजित बजेट तथा कार्यक्रम नदोहोरिने गरी कार्यान्वयन गर्न मातहतका कार्यालय प्रमुखलाई निर्देशन दिएका छन्। बुधबार मन्त्रालयमा आयोजित कार्यसम्पादन सम्झौता हस्ताक्षर कार्यक्रममा उनले प्रदेशको विकास तथा पहिचानका लागि मुख्य मुख्य पुल तथा सडकलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका हुन् । चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम कार्यान्वयनका लागि सचिव रामचन्द्र श्रेष्ठले मन्त्री खड्कासँग कार्यसम्पादन सम्झौता गरे। कार्यक्रममा ११ जिल्लाका पूर्वाधार विकास कार्यालय, ४ वटा यातायात कार्यालय, तथा कास्कीमा रहेको सहरी विकास तथा भवन कार्यालयका प्रमुख, पूर्वाधार निर्देशनालय कास्कीका निर्देशकले मन्त्री खड्काको रोहबरमा सचिवश्रेष्ठसँग कार्यसम्पादन सम्झौता गरे । मन्त्री खड्काले प्रदेशमा प्रदेशमा समायोजन भएका कर्मचारीहरु कम

बाँकी अन्तिम पृष्ठमा ▶▶

## वनपैदावार उपयोग नीति ल्याउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

सामुदायिक वन उपभोक्ता महासङ्घले वनपैदावार उपयोग नीति ल्याउन सरकारसँग माग गरेको छ।

सामुदायिक वन अधिकार सम्मेलन तथा महासङ्घको राष्ट्रिय कार्य समितिको छैटौं बैठकका सहभागीले सो माग गर्दै वनपैदावार नीतिले मात्र वन संरक्षण हुने बताउनुभयो। 'दिगो व्यवस्थापनका लागि सामुदायिक अधिकारः उद्यमशीलता र सशक्त सङ्गठन समृद्धिको आधार' भन्ने नाराकासाथ दाङको तुलसीपुरमा हालै सो बैठक सम्पन्न भएको थियो । बैठकले २५ बुँदे तुलसीपुर घोषणापत्र जारी समेत गरेको छ । घोषणापत्रमा वनको दिगो व्यवस्थापन गर्न, वन पैदावारको उत्पादकत्व बृद्धि गर्न र काठ लगायतका विभिन्न वन पैदावारमा मुलुकलाई आत्मनिर्भर बनाउन सरकारसँग माग गरिएको छ। कार्बन व्यापारका नाममा सामुदायिक वनमाथिको कार्बन अधिकार कटौती गर्न सरकारलगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था लागिपरेको जनाउँदै सो कार्य तत्काल बन्द गर्न पनि घोषणापत्रमा आग्रह गरिएको छ। कार्यक्रममा ४०० भन्दा बढी सामुदायिक वन समूहको सहभागिता थियो। सम्मेलनका सहभागीहरूले संरक्षण, निकुञ्ज र चुरे क्षेत्र घोषणा बन्द गर्न माग समेत गरेका थिए। सो अवसरमा नेपाल नगरपालिका सङ्घका अध्यक्ष अशोक वेञ्जुले संविधानको मर्मअनुसार आवश्यक कानुन बन्न नसक्दा प्राकृतिक स्रोतसाधनमा स्थानीय समुदायको अधिकार सुनिश्चित हुन नसकेको बताउनुभयो । तुलसीपुर उपमहानगरपालिकाका प्रमुख धनश्यामपाण्डेलेसामुदायिकवनलाई संरक्षणका लागि सामूहिक प्रयत्नको खाँचो औँल्याउनुभयो। सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय अध्यक्ष भारती पाठकले मुलुकका २२ हजार ४४५ सामुदायिक वन समूहका २९ लाख सात हजार ८७१ घरधुरीद्वारा २२ लाख ३७ हजार ६७० हेक्टर वन क्षेत्रको दिगो व्यवस्थापन हुँदै आएको जानकारी दिनुभयो । कार्यक्रममा बबई गाउँपालिकाका अध्यक्ष भुवनेश्वर पौडेल, महासङ्घका उपाध्यक्ष भीमप्रकाश खड्का, नेकपा (एमाले) दाङका अध्यक्ष टीकाराम खड्का,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'पाँच दलीय गठबन्धनको सरकार टिकाउनुपर्छ'

**पोखरापत्र संवाददाता**
**लमजुङ, १३ असोज**

पूर्वप्रधानमन्त्री तथा जनता समाजवादी पार्टीका केन्द्रीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले प्रतिगमन विरुद्ध बनेको वर्तमान गठबन्धनको सरकार टिकाउनुपर्ने बताउनुभएको छ।

बुधबार लमजुङ बैंसीसहरमा आयोजित जनता समाजवादी पार्टी नेपाल सङ्गठन सुदृढीकरण तथा जागरण (सुज) अभियान उद्घाटन तथा अभिमुखीकरण कार्यक्रममा उहाँले शेरबहादुर देउवाको नेतृत्वमा प्रतिगमनका विरुद्धमा बनेको पाँच दलीय गठबन्धन सरकार टिकाउनुपर्ने बताउनुभएको हो।

केही दिनअघि राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज भइसकेको र माधव नेपालसहित पाँच दलीय गठबन्धनको संसद्मा सरकार बनाउन बहुमत पुग्ने भएकाले अब केही दिनभित्रै सरकारले पूर्णता पाउने उहाँको भनाइ थियो। उहाँले फरक प्रसङ्गमा देशको हितमा एमसीसी रहेकाले लागू गर्नुपर्नेमा जोड दिनुभयो । विदेशी सहयोग लिएर मात्र देश बलियो बनाउन सक्ने चर्चा गर्दै उहाँले अहिले एमसीसी लागू गरेर देश विकास गर्दै बलियो



बनाउनुपर्ने बताउनुभयो । "हामी अहिले बलियो नहुँदा र गरिब देश हुँदा सबैलाई चिढ्याउने काम गर्नुहुँदैन, हात्तीसँग कुस्ती खेल्नु हुँदैन, बुद्धिले काम गर्नुपर्छ", उहाँले भन्नुभयो, "अहिले विदेशीको सहयोग लिएर देश बलियो बनाउन सके लिपुलेकदेखि अमेरिकासँग पनि विभिन्न कुरा गर्न सकिन्छ।"

लामो समयसम्म प्रमुख राजनीतिक दलले देश चलाए पनि विकास दिन नसकेकाले अब जसपा नै वैकल्पिक शक्ति रहेको उहाँले बताउनुभयो । सङ्घीयता लागू भए पनि अझै पूर्णरूपमा सङ्घीयताको महसुस नभएको उहाँको भनाइ थियो। पूर्वप्रधानमन्त्री भट्टराईले देशमा अझै गरिबी, दलित जनजाति, महिला पीडित नै रहेकाले यसलाई संशोधन गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो।



# पर्यटन दिवसमा जनप्रिय क्याम्पसमा अर्न्तक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

जनप्रिय बहुमुखी क्याम्पसमा पर्यटन दिवस जनप्रिय बहुमुखी क्याम्पसमा एक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरी विश्व पर्यटन दिवस मनाइएको छ।

'रेमिनिन्सिङ टुर्स, ट्राभल एण्ड ट्रेकिङ बिजनेस इन पोखरा एण्ड वे फरवार्ड' शीर्षकको सो प्यानल छलफलमा प्यानलिस्टको रुपमा, नाट्टा गण्डकीका निवर्तमान अध्यक्ष सन्तोष पोखेल तथा टान पश्चिमाञ्चलका निवर्तमान अध्यक्ष हरी भुजेल रहेका थिए। प्यानलिस्टहरुले पोस्ट कोभिड पछी पर्यटन क्षेत्रमा धेरै सम्भावना रहेको हुँदा यो क्षेत्रले



अब गती समात्ने विचार व्यक्त गरेका थिए । उनिहरुले पर्यटन क्षेत्र मार्फत आगामी दिनमा देश ले अझ सम्रिधी हासिल गर्ने बताए।

कार्यक्रमको शुभारम्भमा क्याम्पसका फ्याकल्टी मेम्बर बिष्णु तिमील्सिनाले विश्व पर्यटन दिवस माथि एक विशेष प्रस्तुती राख्दै पर्यटन दिवसको औचीत्य माथि प्रकाश पारेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख क्याम्पसका सहायक क्याम्पस प्रमुख भेषराज बरालले सो अर्न्तकृया कार्यक्रम, सिकाइको हिसाबले निक्कै फलदायी भएको विचार राख्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर आयोजना गरी ज्ञानको दायरा फराकिलो बनाउदै लैजानु पर्ने तर्फ जोड दिएका थिए । फ्याकल्टी डाक्टर भावना पोखेल लगायतको उपस्थितिमा सम्पन्न कार्यक्रममा विद्यार्थी बिष्णु हरी तिमील्सिनाले स्वागत मन्तव्य राखेका थिए। क्याम्पसका फ्याकल्टी एवम् संचारकर्मी दीपेन्द्र पहारी मोडरेटरको भूमिकामा रहेको सो अर्न्तकृया कार्यक्रमको सन्चालन विद्यार्थीद्वय प्रकाश पौडेल र रोशनी खत्रीले गरेका थिए।

उक्त कार्यक्रममा क्याम्पस अर्न्तगत ब्याचलर इन माउन्टेन टुरिजम म्यानेजमेन्ट अध्ययनरत विभिन्न सेमेस्टरका विद्यार्थीहरुको उपस्थिती रहेको थियो।

# कोन सामुदायिक सहकारीको २३ औ साधारण सभा सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरा महानगरपालिका वडा नं १३ भद्रकाली चोक स्थित कोन सामुदायिक बचत तथा ऋण सहकरी संस्था लि.को २३ औ साधारण सभा बुधवारदेखि सुरु भएको छ।

कोभिड १९ को कारण सृजित विषम परिस्थितीलाइ मध्यनजर गरी सुरक्षा मापदण्ड अपनाइ सुरु गरिएको सभा आगमी १६ गते समापन गरिने छ। कोन सामुदायिक बचत तथा ऋण सहकरी संस्था लिका मानार्थ सरक्षक तथा निवर्तमान अध्यक्ष शरदकान्त सिग्देलले सभाको उद्घाटन गर्दै समयको माग अनुसार फरक ढङले सोचविचार गरी सहकारी अगाडि बढ्नु पर्ने धारणा राखे। सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गत आगमी दिनमा स्वास्थ्य क्षेत्रमा केही न केही कार्य गर्नुपर्नेमा संरक्षक सिग्देलको जोड थियो।

शिक्षा उपसमितिका सदस्य



सपना शर्मा(सिग्देल)ले सहकारीका सात सिद्धान्त पाठ गरी सभा अगाडि बढाइएको कार्यक्रममा सहकारीका उपाध्यक्ष माधवप्रसाद सिग्देलले स्वागत गरेका थिए।

कार्यक्रममा सचिव शान्तकुमार श्रेष्ठले सचिवको प्रतिवेदन, संचालक समितिको सल्लाह अनुसार कोषाध्यक्ष जयप्रसाद सापकोटा अनुरोधमा उपाध्यक्ष माधवप्रसाद सिग्देलवाट कोषाध्यक्षको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देलको वार्षिक प्रतिवेदन सोही सभामा प्रस्तुत गरियो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतमा भएको कार्यक्रममा महाप्रवन्धक अपिल कोइराला, शेयर सदस्य तथा पत्रकार शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा सचिव शान्तकुमार श्रेष्ठले संचालन गरेका थिए।

## भौतिक...

तथा अपर्याप्त भएको भन्दै प्राविधिक कर्मचारीहरु मन्त्रालयबाट यथाशक्य छिट्टै व्यवस्था गर्नेतर्फ मन्त्रालय लागिरहेको बताए। उनले भने, 'मन्त्रालयले निर्धारण गरेको लक्ष्य प्राप्तिमा कार्यालय प्रमुखहरु लाग्नुहोला, हरेक काम कर्तव्यमा मन्त्रालयको छवि उच्च रहने गरी काम गर्नुहोला।'

काममा गुणस्तर कायम हुने गरी विकास निर्माणका कामहरुको प्राविधिकले नियमित र निरन्तर सुपरिवेक्षण गर्न उनले निर्देशन दिए । निर्माण सम्बन्धी कामको बिल रकम भुक्तानी गर्नुपूर्व अनिवार्य रुपमा गुणस्तर परीक्षण गरेर मात्र बिल रकम भुक्तानी गर्न पनि मन्त्री खड्काले निर्देशन गरेका छन् । विनियोजित बजेटको परिधिमा रहेर ९० प्रतिशत भन्दा बढी प्रगति हुने गरी विकास निर्माण सम्बन्धी काम गर्ने गराउन र नयाँ आवका लागि दायित्व सिर्जना हुने गरी काम नगर्ने जसको लागि स्रोत सुनिश्चित गरेर मात्र ठेक्का व्यवस्थापन गर्न पनि उनले आग्रह गरे । कार्यक्रममा मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठ, उपसचिव टीकाराम पौडेल, महाशाखा प्रमुखद्वय रामकुमार श्रेष्ठर राम पराजुली लगायत उपस्थित रहेको मन्त्री खड्काका निजी सचिव केदार सापकोटाले जानकारी दिए।

## वनपैदावार...

नेपाली कांग्रेस दाङका सभापति कृतिबहादुर खड्का, पारिवारिक तथा निजी वन महासङ्घका केन्द्रीय अध्यक्ष जोगराज गिरी लगायतले उपभोक्ताले संरक्षण, संवर्द्धन र विकास गर्दै आएको सामुदायिक वनलाई मुलुकको आर्थिक समृद्धिसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । सम्मेलनका क्रममा वनमा आधारित विभिन्न प्रदर्शनी समेत गरिएको थियो।

## पोखरा...

पारेकोले सिंचाई सहितको बर्षादको पानी व्यबस्थापनको लागि ३४ करोड रुपैयाको बजेट आवश्यक पर्ने भएको मुनानकर्मीले बताए।

यसैबिच मंगलबार गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यबस्थापन मन्त्री कुमार खड्का, अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन, उद्योग पर्यटन बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्मा, कानून संचार तथा प्रदेश सभा मामिला बिन्दु कुमार थापा, प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मी सहितको टोलीले विमानस्थलको अवलोकन गरेको छ। उक्त टोलीलाई हालसम्म आयोजना भएका गतिविधिको बारेमा जानकारी गराउदै आयाृजना प्रमुख मुनानकर्मीले चाइनिज कम्पनीले अबको डिसेम्बर भित्र विमानस्थल निर्माण कार्य सके पनि केही प्राविधिक तयारी नेपाल सरकारले गर्नुपर्ने दाहित्व भएको जनाए । ई.भुपेन्द्र कुवंरले पोखरामा पहिला भएका खोल्सामा जथभावी रुपमा घर तथा भौतिक संरचना निर्माण गर्नु, पोखराको काहुँ डाँडा देखि, पोखरा फुलवारीको समेत पानी पोखरा विमानस्थमा आएको हुदा समस्या उत्पन्न भएको दाबी गरे । हाल उक्त परियोजनालाई दिगो रुपमा संचालनको लागि हाल ३४ करोडको बजेट सिंचाई र बर्षादको पानी व्यबस्थापन गर्न सकिने भएको उनले जनाए। उक्त परियोजना समयमै सम्पन्न गर्न आवश्यक समन्वय र सहयोग गर्न प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री पोखरेलले जनाए। प्रदेशको विकासको इन्जिनको रुपमा रहेको उक्त विमानस्थल निर्माण भएसंगै जति सक्दो छिटो अन्तराष्ट्रिय हवाई उडान गर्न आफुहरुले चाहेको उनले जनाए।

# घरेलु टोली क्यासल शिर्षस्थानमा कायमै

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरा रंगशालामा जारी राष्ट्रिय ए डिभिजन फुटसल प्रतियोगितामा घरेलुटोली स्पोर्ट्स क्यासल शिर्षस्थानमा कायमै रहेको छ।

बुधवार बहुउदेश्यीय कभर्डहल (फुटसल कोर्ट) मा सम्पन्न खेलमा तालिकाको पुछारमा रहेको झरना स्पोर्ट्स क्लबलाई ५-१ गोल अन्तरले हराउँदै शिर्षस्थानमा यथावत रहन सफल भएको हो। क्यासलको जितमा खिमराज गुरुङले दुई तथा विजय गुरुङ, विशोन गुरुङ र किशोर गुरुङले समान एक/एक गोल गरे। क्यासलले खेलका पाँचौ मिनेटमै अग्रता लियो । विजय गुरुङले क्यासललाई अग्रता दिलाए । यस्तै १४ औं मिनेटमा खिमराजले गोल गरे। १५ औँ मिनेटमा विशोन गुरुङले गोल गर्दै अग्रता तेब्बर पारे । किशोर गुरुङले खेलको १६ औं मिनेटमा तथा खिमराजले १८ औं मिनेटमा गोल गरे । क्यासलले दोस्रो हाफमा भने कुनैपनि गोल गर्न सकेन् । झरनाका लागि नारायण थापा मगरले २९ औं मिनेटमा गोल गरे। कुल ६ खेल खेलेको क्यासलको १६ अंक रहेको छ भने समान खेल खेलको



झरना अंक विहिन छ। बुधवार सम्पन्न पहिलो खेलमा शंखमुल फुटसलले लुम्बिनी फुटसललाई ३-२ गोलले हराउँदै तालिकाको दोस्रो स्थानमा उक्लिएको छ। शंखमुलको ६ खेलबाट १४ अंक रहेको छ । शंखमुलले खेलको सुरुवातदेखिनै लुम्बिनीलाई दबाबमा राख्यो । शंखमुलको जितमा विवेक पण्डितले ८ औं मिनेटमा गोल गर्दै अग्रता दिलाए। त्यसको १ मिनेटमा लुम्बिनीका लागि रुपेन बराइलीले बराबरी गोल फर्काए। १३ औं मिनेटमा पुन शंखमुलले अग्रता लियो। क्रिजल खड्काले गोल गर्दै पुनः अग्रता दिलाए। ३० औं मिनेटमा सागर तेन्जेले अग्रता तेब्बर पारे। खेलमो ४० औं मिनेटमा लुम्बिनीका रेफी महर्जनले गोल गरेपनि जितका लागि समय पर्याप्त रहन भने सकेन्। लुम्बिनीको ६ खेलबाट ४ अंक रहेको छ।

बुधबारको अन्तिम खेलमा मछिन्द्र स्काइ गोल्सले प्रभातफेरी युथ क्लबलाई ४-३ गोलले हराउँदै तालिकाको छैटौं स्थानमा यथावत रहेको छ। प्रभातफेरी तालिकाको ८ औं स्थानमा रहेको छ। यस्तै ढुकु फुटसल हब ७ औं स्थानमा रहेको छ भने लुम्बिनी फुटसल नवौं स्थानमा रहेको छ।

# इपिएल -पोखराको पहिलो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरा राइनोजले ललितपुर प्याट्रीयट्सलाई ९ विकेटले पराजित गर्दै चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेटमा पहिलो जीत दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा ललितपुरले दिएको ५२ रनको सामान्य लक्ष्य पोखराले ६ दशमलव ३ ओभरमा एक विकेट गुमाएर भेटायो। पोखराको जीतमा रिचार्ड लेभीले अविजित रहदै ३८ रनको योगदान दिए। उनले २२ बलमा ५ चौका र १ छक्का प्रहार गरे । त्यस्तै रित गौतमले १२ तथा साहन अराचिगे १ रनमा अविजित रहे । बलिङतर्फ ललितपुरका अज्मातुल्लाह ओमार्जाइले एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ललितपुरले निर्धारित ७ ओभरमा ६ विकेट गुमाएर ५१ रनको योगफल बनाएको थियो। ललितपुरका लागि सन्दुन वीराक्कोडीले सर्वाधिक १९ रन बनाउदा ओशाडा फर्नान्डोले अविजित १० रन जोडे। नारायण जोशी ११ तथा कप्तान कुशल भुर्तेल ३ रनमा आउट भए । पवन सर्राफले ५ रन जोड्दा अज्मातुल्लाह ओमार्जाईले १ रन बनाए। सन्दीप जोरा शून्य रनमा आउट हुँदा राशिद खान शून्य रनमा अविजित रहे। ललितपुरलाई सस्तैमा समेट्नक्रमा पोखराका नन्दन यादवले ३ विकेट लिए भने विक्रम सोबले २ तथा केम्रिक विलियम्सले १ विकेट झारे । वर्षाको कारण आउटफिल्ड भिजेकाले खेल करिब दुई घण्टापछि सुरुवात भएको थियो । जसमा निर्धारित २० ओभरको खेललाई सात ओभरमा घटाइएको थियो।

यस जीतसँगै पोखरा तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । पोखराले २ खेलमा ३ अङ्क जोडेको छ। पोखराले पहिलो खेलमा भैरहवा ग्लाडीयटर्ससँग अङ्क बाँडेको थियो।

वर्षाको कारण खेल रद्द भएपछि पोखराले एक अङ्क पाएको थियो। ललितपुरको यो लगातार दोस्रो हार हो । पहिलो खेलमा ललितपुर काठमाडौं किङ्स-११ सँग पराजित भएको थियो।

# यसवर्ष पनि च्याङ्ग्रा बिक्री नहुने

**रासस**
**काठमाडौं, १३ असोज**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्ष पनि दसैंका लागि च्याङ्ग्रा बिक्री वितरण नगर्ने भएको छ।

दसैंका लागि च्याङ्ग्राको बिक्री वितरण गर्ने तयारी गरेको कम्पनीले अभावका कारण बिक्री नगर्ने जनाएको हो । बजार मूल्यलाई नियन्त्रण गर्न कम्पनीले दसैंमा खसी बोका तथा च्याङ्ग्राको बिक्री वितरण गर्दै आएको भएतापनि यसवर्ष खसी/बोका मात्र बिक्री हुने कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार बजार मूल्य नियन्त्रण गर्ने निकायले नै बढी मूल्यमा बिक्री वितरण गर्नुभन्दा नल्याउने निर्णय भएको हो । "एक हजार च्याङ्ग्रा ल्याउने निर्णय अनुसार हामीले तयारी थालेका थियौं, कोरोना सङ्क्रमणका कारण यस वर्ष तिब्बत्बाट च्याङ्ग्रा नआउँदा मुस्ताङमा धेरै महँगो भएर ल्याइएन", उहाँले भन्नुभयो।

कम्पनीले गत वर्षको दसैंमा पनि च्याङ्ग्राको मूल्य बढेको भन्दै बिक्री वितरण गरेको थिएन । मुस्ताङबाट च्याङ्ग्रा नआए पनि दाङ र मकवानपुरको पहिलो लटमा एक हजार ७०० खसी तथा बोका ल्याउने तयारी पूरा भएको जनाएको छ। सूचना अधिकारी न्यौपानेले दाङबाट एक हजार र मकवानपुरको ७०० खसी तथा बोका ल्याउने तयारी भएको जनाउँदै आवश्यकता अनुसार थप खरिद गर्ने जानकारी दिनुभयो।

राष्ट्रिय जनगणना २०७८

आम समुदायमा अपिल

यहि २०७८ साल भाद्र ३० देखि आश्विन १८ गतेसम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ को लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरिवेक्षकहरु आउँदैछन् । उनीहरुलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

जसलाई आशा कहिल्यै लाग्दैन, ऊ कहिल्यै निराश पनि हुँदैन। - वनार्ड शा

## सम्पादकीय

# अख्तियार बल्ल देखिन थाल्यो

प्रदेश-२ सरकारको सबैभन्दा लोकप्रिय कार्यक्रम 'बेटी पढाउ, बेटी बचाउ' अभियान अनियमितता भएको उजुरी परेको छ। प्रदेश नं २ सरकारले आर्थिक अनुशासन कायम गर्न नसकेको समाचार प्रकाशित प्रसारित हुँदै आएका छन। प्रदेश सभामा पनि अनियमितताको आवाज नउठेको होइन ।सरकारले महत्त्व दिएको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रममा अनियमितताको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मख्यमन्त्रीको कार्यालयमा छापामारेको छा२०७५ मंसिरदेखि सुरु गरेको उक्त अभियानअन्तर्गत चार वर्षका अवधिमा करिब २९ करोड रुपैयाँ खर्च भएको छ। फरक-फरक दररेट ४१ हजार २ सय ६८ साइकल खरिद गरिएको थियो। तीमध्ये ८ हजार साइकल विण नगरी गोदाममै थन्किएको छ।

साइकल खरिदमा अनियमितता भएको उजुरी परेपछि अनुसन्धान गर्नु अख्तियारको काम हो। शंकास्पद देखिएका फाइल नियन्त्रणमा लिई अध्ययन गर्ने र दोषी देखिए कारबाही प्रक्रिया अघि बढाउने अख्तियारको काम हो। अख्तियारलाई कामै गर्न नदिने अनि भ्रष्टाचार बढ्यो भनेर चिन्ता गर्नुको अर्थ छैन। दिउँसो १ बजेदेखि ४ बजेसम्म कानुन सचिव यम भुसालको कक्षमा अख्तियार टोलीले साइकल खरिद, दाखिला, बिल भरपाई, स्पेसिफिकेशन, टेण्डर आह्वान र मौज्दात लगायतका फाइलहरु अध्ययन गर्दै थप अनुसन्धानका लागि नियन्त्रणमा लिएको अख्तियार श्रोतले जनाएको छ। मुख्यमन्त्री कार्यालयले छात्राहरूलाई बाँड्न गत असारमा खरिद गरेका १० हजारमध्ये दुई हजार जति मात्रै वितरण गरिएको थियो। प्रदेश-२ सरकारले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमका लागि ऐनविपरीत साइकल खरिद गरेको आरोप लाग्दै आएको छ। प्रदेश सरकारले खरिद गरेको साइकलमध्ये २० हजारभन्दा बढीमा न त कम्पनीको नाम छ, न मोडल न ब्राण्ड उल्लेख छ। तिनमा केवल 'लेडिज साइकल' उल्लेख स्टोर दाखिलामा गरिएको छ। प्रदेश सरकारले जिन्सी शाखामा राखेको रेकर्ड फाइल अनुसार, आपूर्तिकर्ता कम्पनीको नाममा भारत मात्र उल्लेख गरिएको छ। पछिल्लो आर्थिक वर्ष २०७७/०७८ मा कुल २० हजार ५ सय ५ साइकल खरिद गरिएको जनाएको छ। तीमध्ये ९ हजार ६ सय वटा साइकल ६ हजार ४ सय ४१ रुपैयाँका दरले खरिद गरिएको छ। अनि ३ हजार २ सय ६७ वटा चाहिँ ७ हजार ४ सय ७५ रुपैयाँ खरिद गरिएको छ भने ७ हजार ६ सय ३८ वटा ५ हजार ७ सय रुपैयाँका दरले खरिद गरिएको कुरा स्टोरको खप्ने जिन्सी सामानको खातामा उल्लेख रहेको अनुसन्धानका क्रममा देखिएको छ।

प्रति साइकल भ्याटसहित ६ हजार चार सय ४१ रुपैयाँका दरले वीरगन्जको ओम सत्यसाई प्रालिले आपूर्ति गरेको हो। यसअघि हेलेक्सी इन्टरप्राइजेजले टेण्डर पाएको थियो, उक्त कम्पनीले ९ हजार साइकल आपूर्ति गराएको हो। सार्वजनिक खरिद ऐन अनुसार टेन्डर आह्वान गर्दा सम्बन्धित निकायले आफूलाई चाहिने सामानका मापदण्ड तोकिएका स्पेसिफिकेसनमा इच्छुक सप्लायर्स कम्पनीहरूले उक्त सामानको उत्पादक कम्पनी, मोडल, ब्रान्ड, मूल्यलगायत प्रस्ट खुलाएर आवेदन दिनुपर्नेछ। ओम सत्यसाई प्रालि र हेलिक्सले आपूर्ति गरेको साइकलमा 'लेडिज साइकल' मात्रै लेखिएको छ। त्यसमा कुनै कम्पनीको नाम, लेबल र स्टिकरसमेत छैन। यी साइकलहरु सस्तो दरमा कमसल खरिद गरिएको आरोप लाग्दै आएको छ। हुन त, यसअघि प्रदेश सभामा समेत साइकल खरिद प्रक्रियामा छानबिन गर्न आवाज पटक-पटक उठ्दै आएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पनि यसअघि नै कम्पनी नखुलाइएको साइकल खरिद गरेको स्वीकार गरेको थियो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव यम भुसाल साइकलमा कम्पनीको नाम नभए पनि स्पेसिफिकेसन अनुसार खरिद गरिएको दाबी गर्दै आएका थिए। सुस्त अवस्थामा रहेको अख्तियारको कदमको विरोध गर्नुको अर्थ छैन ।भ्रष्टाचार नियन्त्रणको लागि चालेको कामलाई अबरोध नपुऱ्याउनु पर्ने हो।

## तपाईको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | झमेला बड्ने | तुला | : | शत्रुको भय |
| वृष | : | मन चञ्चल | वृश्चिक | : | आर्थिक समस्या |
| मिथुन | : | सहयोग मिल्नेछ | धनु | : | सम्मान मिल्नेछ |
| कर्कट | : | कार्यमा सफलता | मकर | : | सत्कार मिल्नेछ |
| सिंह | : | अप्रत्यसित लाभ | कुम्भ | : | शारीरिक झमेला |
| कन्या | : | ब्यापारमा लाभ | मीन | : | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# विशिष्ट पाहुनाको आगमनसँगै पर्यटन चलायमान हुने आशा

-जमुना वर्षा शर्मा
पोखरा, १३ असोज (रासस)

कोभिड-१९ निर्मूल भएको छैन तर १८ महिनादेखिको एउटा त्रास भने केही घटेको छ। खोपको सहजतासँगै अहिले मानिसलाई कोभिडबाट सुरक्षित हुन सकिन्छ भन्ने आशा पलाउँदै गएको छ। नेपाल सरकारले झन्डै १८ महिनादेखिको बन्दाबन्दीबीचमा केही खुकुलो र अहिले लगभग खुला नै गरिसकेको छ। योसँगै असोज १ गतेदेखि पोखराका पर्यटकीय गन्तव्यहरू पनि खुला भएका छन्।

पोखराको पर्यटनलाई चलायमान बनाउन पर्यटन क्षेत्र सम्बद्ध सङ्घसंस्थाले अग्रसरता देखाएका छन्। नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स (नाट्टा) गण्डकीको टोली भदौ १६ गते आन्तरिक पर्यटन पुनरुत्थान गर्ने उद्देश्यले प्रदेश २ को भ्रमणमा पुग्यो। पोखरा र सिमरालाई हवाई उडानबाट जोडेर आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने विषयमा भ्रमण लक्षित थियो। सो अवसरमा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई गण्डकी प्रदेश सरकारका तर्फबाट पोखरा घुम्ने निम्ता दिइएको नाट्टा गण्डकीका महासचिव कमला गिरीले जानकारी दिनुभयो। गिरीका अनुसार निमन्त्रणलाई स्वीकार गर्दै मुख्यमन्त्री राउतसहितको एक टोलीले दुई रात तीन दिनको बसाइमा पोखराका विभिन्न पर्यटकीय गन्तव्य भ्रमणसमेत गर्नुभयो भने अन्तर प्रदेश पर्यटन प्रवर्द्धनमा सहकार्यका लागि धार्मिक, औद्योगिक, थप हवाई सेवा लगायतका विषयमा सम्झौतासमेत भयो। यसलगत्तै विश्व पर्यटन दिवसका दिन, २७ सेप्टेम्बरको पूर्वसन्ध्यामा पनि पोखराको लेकसाइडमा बेग्लै चहलपहल थियो। विश्व पर्यटन दिवसका अवसरमा गण्डकी प्रदेश सरकारको निमन्त्रणमा नेपालका लागि विभिन्न ११ देशका राजदूतसहित विशिष्ट कूटनीतिज्ञहरूको पोखरा आगमनले पोखराको लेकसाइडमा चहलपहल बढाएको थियो भने व्यवसायीमा केही आशा पलाएको थियो।

विशिष्ट पाहुनालाई पोखरा विमानस्थलमा भव्य स्वागतसँगै त्यही साँझ गण्डकी प्रदेश सरकारद्वारा आयोजित रात्रिभोजमा सरिक गराइएको थियो। पोखराको पर्यटनलाई विश्वमा चिनाउने र पोखरा खुला र सुरक्षित छ भन्ने सन्देश दिने कार्यक्रमको उद्देश्य थियो। विशिष्ट पाहुनालाइ सेप्टेम्बर २७ का दिन ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) पश्चिमाञ्चलको समन्वयमा एसियाकै नमूना भनेर दाबी गरिएको कास्कीको अन्नपूर्ण गाउँपालिकाको नौडाँडाबाट देउरालीसम्मको तीन किलोमिटर अपाङ्गमैत्री मार्ग हुँदै कास्कीकोटको ऐतिहासिक कुलमण्डल शाहको दरबारसम्मको हाइकिङ गराइएको थियो। उहाँहरूलाई पञ्चेबाजासहित स्थानीयवासीले फूलमालासहित भव्य स्वागत गरेका थिए। पोखराबाट बिहान छर्लङ्ग खुलेको हिमशृङ्खलाको मनमोहक दृश्यसँगै कास्कीकोट पुग्दा बिस्तारै विभिन्न आकृतिमा कुहिरोले छोप्दै देखिँदै गरेका हिमालहरूको प्राकृतिक सुन्दरता अवर्णित थियो। विशिष्ट पाहुनाहरू उक्त दृश्य घरी आँखामा त घरी मोबाइल र क्यामेरामा कैद गर्न अभ्यस्त देखिन्थे। हाइकिङमा सहभागी नेपालस्थित युनेस्कोका प्रतिनिधि माइकल क्रोफ्ट कुहिराले छोप्दै गरेको हिमशृखङ्लाका दृश्य कैद गर्न व्यस्त हुनुहुन्थ्यो। पोखरा पहिलोपल्ट आएको अनुभव सुनाउँदै यात्रा निकै रोमाञ्चक भएको सुनाउनुभयो। पोखराका बारेमा सुने पनि आउने अवसर बल्ल मिलेको भन्दै उहाँले भन्नुभयो, "म प्राकृतिक सम्पदासँगै संस्कृतिमा रमाउन मन पराउँछु, नेपालमा यो सबै छ, अझ पोखराको प्राकृतिक सुन्दरता त निकै लोभलाग्दो रहेछ।" उहाँले पोखराबाट फर्केपछि आफ्ना दुई सन्तान र श्रीमतीलाई लिएर पोखरा आउने वाचासमेत गर्नुभयो। "मलाई निकै सुन्दर लाग्यो पोखरा, यहाँको आतिथ्य पनि मन पऱ्यो, परिवारसहित छिट्टै आउँछु, अहिले उनीहरू काठमाडौँमा छन्, सानो बच्चा १७ महिनाको छ," कोभिड-१९ ले धेरैलाई घुम्नडुल्नबाट वञ्चित गराएको जनाउँदै अब 'रिफ्रेस्मेन्ट' र दिगो पर्यटन विकासका लागि सम्बन्धित निकायमा विशेष जोड दिन आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले कोभिडका कारणले चुनौतीका साथै अवसर रहेको धारणासमेत राख्नुभयो।

नेपालका लागि फिनल्यान्डका राजदूत पर्टी एन्टीनेनले बिहान उठ्दा बित्तिकै माछापुच्छ्रेको हिमशृखङ्लाले आफूलाई निकै लोभ्याएको अनुभव सुनाउनुभयो। तीन वर्षअघि सेप्टेम्बरमा पोखरा आउँदा खुलेको हिमालको दृश्यावलोकनसँगै लेकसाइडका बारहरू गएको रमाइलो पल पनि उहाँले स्मरण गर्नुभयो। पोखरा आइरहन मन लाग्ने सहर भएको जनाउँदै उहाँले भन्नुभयो, "नेपालको अरू ठाउँभन्दा पोखरा विशेष लाग्छ, तिहारपछि फेरि पोखरा आएर अन्नपूर्ण सेरोफेरोमा ट्रेकिङ जाने योजनामा छु, 'एक्सेसिवल रोड'को यात्रा पहिलो हो।"

उहाँले पोखरा पर्यटकीय गन्तव्य भएको जनाउँदै बिहान उठ्नासाथ हिमाल र माथि माथि उडिरहेको बादलका दृश्य हेर्न, लेकसाइड घुम्न र बारहरू जान पनि आफूलाई निकै मन पर्ने सुनाउनुभयो। उहाँले नेपाल र यहाँको सन्दर्भमा पर्यटन महत्वपूर्ण रहेको जनाउँदै यसलाई अझै विकास गर्न जरुरी रहेको विचार व्यक्त गर्नुभयो। (सार्क) का महासचिव इसाला रुवान विराकुन (झकबबि च्गधबल ध्भभचबपययल) ले आफ्नो देशका श्रीलङ्काका कूटनैतिक नियोगका पदाधिकारीसहितको यो भ्रमण निकै फलदायी रहेको बताउनुभयो। उहाँले कोभिड- १९ ले दक्षिण एसियाली देशहरूको अर्थतन्त्रमा निकै प्रभाव पार्नाका साथै पर्यटन क्षेत्र झनै प्रभावित भएको स्मरण गर्दै अब पर्यटन प्रवर्द्धनका कार्यक्रममा जोड दिनुपर्ने उहाँको भनाइ छ। श्रीलङ्का र नेपालका धेरै सांस्कृतिक एवम् धार्मिक कुरा मिल्ने बताउँदै नेपालमा सांस्कृतिक र धार्मिक पर्यटकलाई जोडेर पर्यटन विकास गर्न सकिने उहाँको धारणा छ। विराकुनले यही अक्टुबरबाट प्रत्येक मङ्गलबार र शनिबार काठमाडौँ- कोलम्बो उडान हुन लागेको जानकारी दिँदै अब दुई देशबीच पर्यटन प्रवर्द्धनका सहयोग हुने विश्वाससमेत व्यक्त गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घका लागि नेपलास्थित आवासीय प्रतिनिधि सराबे सलोनयन्तीले माछापुच्छ्रे लगायतको हिमशृङ्खलालाई पृष्ठभूमिमा पारेर एउटा टिकटक भिडियो नै पोष्ट गर्नुभएको छ। उहाँले भिडियोमार्फत पोखराका हिमशृङ्खलाको चर्चा गर्दै नेपालको संस्कृति बुझ्नका लागि नेपाल र पहाडतिर आउन आग्रह गर्नुभएको छ। आफू सराङकोटमा रहेको र यहाँको प्राकृतिक र पर्यावरणीय सुन्दरताले आफू निकै मोहित भएको उल्लेख गर्दै, "अब नेपाल खुल्यो, नेपाल बुझ्न र जान्न सम्पूर्णलाई एक पटक पोखरा आउन आग्रह गर्दछु।" सलोनयन्तीले नेपाल र विशेषगरी पोखरामा पर्यटनको अथाह सम्भावना भएको कुरा भिडियोमा उल्लेख गर्नुभएको छ। पर्यटन बोर्ड गण्डकीका प्रमुख काशीराज भण्डारीले राजदूत र कूटनीतिक नियोगका पदाधिकार ीसहितको पोखरा भ्रमणले पोखराको पर्यटनलाई अन्तर्राष्ट्रिय बजारमा चिनाउन सफल हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "कोभिड महामारीले पर्यटन क्षेत्र ठप्प छ, अब पर्यटनलाई पुनरुत्थान गर्न जरुरी छ, विश्व पर्यटन दिवसका अवसरमा विशिष्ट पाहुनाको पोखरा भ्रमणले पक्कै पर्यटन बजारमा सकारात्मक सन्देश जानेछ।" विदेशी कूटनीतिज्ञहरूले पोखरा भ्रमणका अनुभव सामाजिक सञ्जालमा शेयर गरेका भिडियोले पनि पोखराको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने उहाँको विश्वास छ। उहाँका अनुसार ११ देशका राजदूत, चार सचिवालय, युएनडिपी र आइओएमका आवासीय प्रतिनिधि कूटनीतिज्ञ, परराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल तथा बेलायतका लागि नेपालका पूर्वराजदूत डा दुर्गाबहादुर सुवेदीलगायत दुई दर्जनभन्दा बढी विशिष्ट व्यक्तिले पोखरा भ्रमण गर्नुभएको थियो। उहाँहरूले पोखराका प्रमुख पर्यटकीय गन्तव्यहरू फेवाताल, अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय लगायतका ठाउँहरूको भ्रमण गर्नुभएको थियो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले विश्व पर्यटन दिवसका विशिष्ट पाहुनाको भ्रमणले पोखरा सुरक्षित र खुला छ भन्ने सन्देश जाने बताउनुभयो। उहाँले सरकारले कर्मचारीका लागि ल्याएको 'पेड होलिडे' कार्यक्रमअन्तर्गत शनिबार र आइतबार बिदा दिन सके तत्कालका लागि आन्तरिक पर्यटनबाट पनि सुस्ताएको पर्यटनले गति लिन सक्ने उहाँको विश्वास छ। उहाँले अर्बौंको लगानी रहेको पर्यटन क्षेत्र कोभिड-१९, का कारण ठप्प रहेको अवस्थामा सरकारले पर्यटन मैत्री राहत प्याकेज ल्याएर व्यवसायीलाई राहत दिन नसकेको गुनासोसमेत गर्नुभयो। उहाँले भन्नुभयो, "पर्यटन व्यवसायीका माग पटकपटक सरकारसमक्ष राखे पनि सुनुवाइ भएन, वित्तीय संस्थाहरूले पनि सरकारले ल्याएको नीतिनियमलाई कार्यान्वयन गरेनन्।" उहाँले 'सिङ्गल डिजिट'मा कर्जा उपलब्ध गराएर व्यवसाय सञ्चालनका लागि सहज वातावरण गराउनुको सट्टा झनै ब्याजदर बढाउने नियत वित्तीय संस्थाको देखिएको भन्दै यसको प्रतिकार पर्यटन व्यवसायीले गर्ने जनाउनुभयो। सरकारले मौद्रिक नीति ल्याए पनि व्यवसायीले हतारमा स्वागत गरेको उहाँको प्रतिक्रिया छ। "हामीले हतारमा स्वागत गऱ्यौँ, अब कार्यान्वयन नभएसम्म ढुक्क हुने अवस्था छैन।" पर्यटन सम्बद्ध मजदुर, कर्मचारी, व्यवसायीलाई प्राथमिकताको आधारमा खोप उपलब्ध गराएको र अब बाँकीका लागि पनि खोप सुनिश्चित गरेर पर्यटन क्षेत्र सुरक्षित छ भन्ने सन्देशसहित परिषद्ले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम तय गर्ने बताउनुभयो।

विश्व पर्यटन दिवसका दिन रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले पनि 'पोखरा खुला छ' भन्ने सन्देशसहित एकदिने मिनी महोत्सव आयोजना गरेको रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गत वर्ष पनि निषेधाज्ञा खुकुलो भएसँगै हामीले पोखराको पर्यटन चलायमानका लागि मिनी सडक महोत्सव गरेर पोखरा खुला छ भन्ने सन्देश दिएका थियौँ, त्यतिबेला आन्तरिक पर्यटकको पोखरा आगमन निक्कै राम्रो देखिएको थियो।" उहाँले पर्यटन दिवसलाई लक्षित गरेर पोखरा आएका विशिष्ट पाहुनाहरू पनि सडक महोत्सवमा सहभागी भएकाले सकारात्मक सन्देश गएको बताउनुभयो।

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष टीकाराम सापकोटाका अनुसार पोखरामा जमिनबाहेक पर्यटनमारुएकखर्ब९२अर्बकोलगानी रहेको छ। पर्यटन क्षेत्रमा ७५ हजारले रोजगार पाएका छन्। कोभिडका कारण दैनिक १३ करोड ३६ लाख घाटा यस क्षेत्रले व्यहोरिरहेको छ। विगतको तथ्याङ्कअनुसार नेपाल आउने पर्यटकको औसत बसाइ ११ दिन रहेको छ भने पर्यटकको पोखरा बसाइ दुईदेखि तीन दिनसम्मको हुने गरेको देखिएको छ।

त्यसैगरी नेपाल आउने पर्यटकले औषत ४५ देखि ५० अमेरिकी डलर खर्चे गर्ने गर्दछन्।

# राइनासमा अधिवेशन शनिबार हुने

रासस
लमजुङ, १३ असोज

राइनास नगरपालिकामा आगामी शनिबार पुनः निर्वाचन हुने भएको छ। नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत पालिका अधिवेशनका क्रममा सो नगरपालिकामा मतदान स्थगित भएको थियो।

मतदान सकिन लाग्दा मतपत्रमा त्रुटि भेटिएको थियो। कांग्रेस जिल्ला सभापति भेषबहादुर पौडेलले नियतवश नभई छपाइमा गल्ती भएकाले अधिवेशन स्थगित हुन पुगेको बताउनुभयो। चार गाउँपालिकामा सहमतिका आधारमा र तीन नगरपालिकामा निर्वाचनको माध्यमबाट कांग्रेस नेतृत्व चयन भएको छ।

# विद्यालयका कर्मचारीको तलब वृद्धि

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ असोज

हरिनास गाउँपालिकाले पालिकाभित्र रहेका विद्यालयमा कार्यरत बालविकास शिक्षिका, लेखा शाखा र विद्यालयमा कार्यरत कर्मचारीको तलब (पारिश्रमिक) वृद्धि गरेको छ। गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, बालविकास शिक्षिका, विद्यालयमा लेखा शाखामा कार्यरत र विद्यालय कर्मचारीको उपस्थितिमा एक कार्यक्रकाबीच पारिश्रमिक वृद्धि गरिएको गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धरले बताउनुभयो।

विद्यालयको लेखा शाखामा कार्यरत कर्मचारीको पारिश्रमिक रु १७ हजार, बालविकासका कर्मचारीको रु १६ हजार र विद्यालयका कर्मचारीको रु १५ हजार मासिक पारिश्रमिक दिने निर्णय भएको गाउँपालिकाले जनाएको छ।

# एक हजार १५७ सङ्क्रमित थपिए

रासस
काठमाडौँ, १३ असोज

पछिल्लो २४ घण्टामा एक हजार १५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले १४ हजार ५४१ मा कोरोना परीक्षण गर्दा एक हजार १५७ मा सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो। आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १८ हजार १९३ पुगेको छ। उहाँका अनुसार ५०० बढी सङ्क्रमित भएका जिल्ला नौ र २०० बढी सङ्क्रमित भएका जिल्ला १९ छन्।

सो अवधिमा एक हजार ११३ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने सात लाख ६४ हजार ८४७ छन्। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.३ प्रतिशत छ। सङ्क्रमणका कारण सो अवधिमा आठ जनाको मृत्यु भएको छ। हालसम्म सङ्क्रमणबाट ११ हजार १२३ को मृत्यु भइसकेको छ। हाल देशभर ३५४ जना सघन उपचार कक्ष (आइसियु), ९९ भेन्टिलेटर, १६ हजार ८७८ होम आइसोलेशन, एक हजार ३१५ जना संस्थागत आइसोलेशन र २४४ जना क्वोरेन्टिनमा छन्। आज दुई लाख ८६ हजार १४५ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्।

# आफैँ पढेको विद्यालयमा अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
दमौली, १३ असोज

तनहुँको व्यासनगरपालिका-१ निवासी दुई दाजुभाइले आफै पढेको विद्यालयमा आमाको ४५औँ पुण्यतिथिको अवसरमा अक्षयकोष स्थापना गरेका छन्।

छोरा टुकप्रसाद दाहाल र चूँडामणिले आमा दमयन्ती दाहालको ४५औँ पुण्यतिथिको अवसरमा मङ्गलबार निर्मल माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरेका हुन्। बुबा गिरीधारी र आमा दमयन्तीको स्मृतिमा गरिब तथा जेहेन्दार छात्रवृत्ति अक्षयकोष स्थापना गरिएको हो।

निर्मल माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष तमबहादुर दरै, प्रधानाध्यापक गणेशचन्द्र बस्नेतलगायतलाई एक लाख ५५ हजार पाँच सय ५५ रुपैयाँको चेक दाहाल दाजुभाइले संयुक्त रूपमा हस्तान्तरण गर्नुभएको हो। आफू र दाजु सोही विद्यालयमा पढेको र केही समय सोही विद्यालयमा पढाउने अवसर मिलेको चूडामणिले बताउनुभयो। आमाको स्मृतिमाको अवसरमा केही दान गरौँ भन्ने भावनाअनुरुप दुवै दाजुभाइको सल्लाहले उक्त विद्यालयमा अक्षयकोष स्थापना गरिएको उहाँले बताउनुभयो।

आर्थिक अभावका कारण हामीले जस्तै दुख पाएका गरिब तथा जेहेन्दार विद्यार्थीलाई शिक्षा हासिल गर्न केही राहत पुग्ने विश्वास गरी अक्षयकोष स्थापना गरिएको उहाँले बताउनुभयो। अक्षयकोषका लागि रकम आवश्यक परे अझै थपेर उक्त कोषबाट आएको ब्याजबाट वार्षिक रूपमा गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने गरी कोष स्थापना गरेको उहाँको भनाइ थियो। विद्यालयले एक किसिमको कार्यविधि बनाएर विद्यार्थीको मूल्याङ्कन गरी गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति प्रदान गरिने विद्यालयका प्रधानाध्यापक बस्नेतले जानकारी दिनुभयो।

# यस वर्ष मौसम ढिला बाहिरिने

रासस
काठमाडौँ, १३ असोज

यस वर्ष मनसुन औसत समयभन्दा केही दिन ढिला गरी बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुन बाहिरिनका लागि पश्चिमबाट पूर्वतिर हावा बहनाका साथै बङ्गालको खाडीबाट जलवाष्पयुक्त हावा आउने क्रम रोकिनुपर्ने भएकाले अहिलेसम्म त्यो अवस्था नरहेकाले मनसुन औसत समयभन्दा केही ढिलो बाहिरिने सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले बताउनुभयो। उहाँका अनुसार अब भारी वर्षाको सम्भावना भने रहेको छैन।

यस वर्ष मनसुन गएको जेठ २८ गते नेपाल भित्रिएको थियो। यस वर्षदेखि मनसुनको अवधि परिमार्जन भएको छ।

# सन्दर्भ विश्व मुटु दिवस : गाउँ पस्यो मुटुरोग

– नारायण अधिकारी
काठमाडौं, १३ असोज(रासस)

सहरियामा बढी देखिने गरेको मुटुरोग सहरीकरणसँगै गाउँमा भित्रिएको छ। यातायात सञ्जालसँगै तयारी खानेकुरा गाउँ पुगेपछि यो समस्या भित्रिएको हो । स्थानीय उत्पादन घट्दै जानु र गाउँमा पनि तयारी खानेकुरा खाने प्रचलन बढ्दै गएपछि मुटुरोगको समस्या गाउँगाउँमा देखिन थालेको विज्ञहरूले बताएका छन्।

मुटुरोग विशेषज्ञ डा प्रकाशराज रेग्मी यातयात सञ्जाल पुगेका ठाउँमा तयारी खानेकुरा, धुमपान, मध्यपानजस्ता चिजले जीवनशैली बिगारेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “चाउचाउ, कोकोकोला, दालमोठजस्ता तयारी खानाले पहाडी क्षेत्रमा पनि जीवनशैली बिगारेको छ, जसले मुटुरोग निम्त्याइरहेको छ ।” सहरियाहरूले स्वास्थ्यप्रति ध्यान दिन थालेकाले सहरमा समय-समयमा परीक्षण गर्ने प्रचलन बढेको छ। गाउँमा यसप्रति कसैको ध्यान छैन।

स्थानीय तहमा उत्पादन भएका न्यून गुणस्तरका मदिरा सेवन गर्ने, तयारी खाना खाने, व्यायाम नगर्ने, धुमपान र सुर्तीजन्य पदार्थको सेवनले गर्दा ग्रामीण क्षेत्रका युवामा मुटुरोगको समस्या बढ्दै गएको नेपाल हर्ट फाउण्डेशनका पूर्वअध्यक्षसमेत रहनुभएका रेग्मीको भनाइ छ । सहरमा नियमित स्वास्थ्य परीक्षणसँगै व्यायाम गर्ने क्रम बढेको उहाँ बताउनुहुन्छ । मुटुरोगको खासै लक्षण नहुने हुँदा नियमित स्वास्थ्य परीक्षण आवश्यक हुने उहाँ बताउनुहुन्छ । “पहिले-पहिले पहाडका मानिस लामो बाटो हिँड्नुपर्ने, कडा मेहेनत गर्नुपर्ने भए पनि आजभोलि गाउँगाउँमा ट्र्याक्टर, मोटरसाइकल, गाडीको सुविधा हुँदा शारीरिक परिश्रम घटेको छ”, उहाँले भन्नुभयो, “युवा वर्ग काम गर्दैनन्, विषादी भएका तरकारी फलफूल प्रयोग गर्छन्।” ग्रामीण क्षेत्रमा समस्या आइसकेपछि मात्रै उपचारको खोजी गरिँदा त्यतिञ्जेल ढिलो भइसकेको हुने उहाँ बताउनुहुन्छ।

मुटुरोग विशेषज्ञ डा ओममूर्ति अनिल ग्रामीण क्षेत्रबाट पनि बिरामी आउने गरेको बताउनुहुन्छ । अन्य कारणसँगै आवेगमा आउने कारणले मुटुको समस्या देखिने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “कुनै पनि जोखिम नदेखिएका व्यक्तिमा पनि रिसका कारण हृदयघात भएर मृत्यु हुने गरेको छ”, उहाँले भन्नुभयो, “रिसाहा व्यक्तिलाई मुटुको धड्कन, रक्तसञ्चार र क्लटिङ टेन्डेन्सीमा असर गर्छ ।” रिसाहा व्यक्तिलाई धेरै समस्या अउने जनाउँदै उहाँले यसलाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो । सकारात्मक सोच राख्नु मुटुका लागि महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “नकारात्मक कुरा दिमागमा हाबी हुँदा हाम्रो शरीरमा त्यसले विभिन्न किसिमका हर्मोन उत्पादन गर्छ, त्यसले रक्तसञ्चार प्रणालीमा असर गर्दछ ।” चितवन मुटु अस्पतालका मुटुरोग विशेषज्ञ डा शङ्कर लौडारी प्रत्येक वर्ष विश्वमा १७.९ मिलियन मानिसले मुटुका कारण ज्यान गुमाउने गरेको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क रहेको बताउनुहुन्छ। विश्वमा नसर्ने रोगका कारण मृत्यु हुनेमध्ये ३२ प्रतिशत मुटुरोगका कारण मृत्यु हुने गर्दछ । मुटुरोगका कारण मृत्यु हुनेमा ८५ प्रतिशत हृदयघात हो। अन्य मुटुको बाथ, हट्फेलर पर्दछन् । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क उद्धृत गर्दै उहाँले भन्नुभयो, “मुटुरोगीमध्ये ७५ प्रतिशत गरिब र निम्न मध्यम आय भएका नागरिक पर्दछन् ।” विश्वमा सबैभन्दा बढी प्रभावित हुने देशमा क्रमशः चीन, भारत, रसिया र अमेरिका पर्दछन्।

सन् १९९० मा २५० मिलियनमा देखिएको यो समस्या सन् २०२१ सम्म आउँदा ५२३ मिलियनममा पुगेको छ। नेपालमा नसर्ने रोगका बिरामीमध्ये २७ प्रतिशत मुटुका हुने गर्दछन् । लौडारीको भनाइमा मुटुरोगीमध्ये १२ प्रतिशतले रोगकै कारण रोजगारी गुमाउने गरेका छन् । नेपालमा एक लाख जनसङ्ख्यामा ५६९ पुरुष र ४७९ महिला प्रभावित भएको तथ्याङ्क रहेको उहाँले बताउनुभयो। मुटुरोगका कारण पुरुष बढी प्रभावित हुने गरेका छन् । लौडारीका अनुसार मुटुरोगीमध्ये १६ प्रतिशतलाई हृदयघात, छदेखि १० प्रतिशतलाई मुटुको बाथरोग हुने गरेको छ । यस्तै चारदेखि १० प्रतिशत धड्कनसम्बन्धी र चारदेखि सात प्रतिशतलाई मुटुको जन्मजात रोग हुने गर्दछ । मुटुरोगको प्रमुख कारणमा २५ देखि ४० प्रतिशतमा उच्च रक्तचाप, छदेखि १० प्रतिशतमा मधुमेह, २० प्रतिशतमा खराब एलडिएल कोलस्ट्रोल, २० देखि २५ प्रतिशत धुमपान, १५ देखि २० प्रतिशत मोटोपन रहेको छ। दक्षिण एशियामा मुटुरोगको समस्या धेरै भएका देशमा नेपाल तेस्रो हो। उहाँले खानपान र जीवनशैलीमा परिवर्तन गर्न सके धेरैजसो मुटुरोगबाट बच्न सकिने बताउनुभयो। उहाँका अनुसार शरीरको तौल नियन्त्रण गर्ने, नियमित व्यायाम गर्ने, तारेको भुटेको खानेकुरा सकेसम्म नखाने, कार्बोहाइड्रेट बढी हुने भात, आलु गुलियो पदार्थ कम खान सुझाव दिनुभयो । यसैगरी मधुमेह र कोलस्ट्रोललाई नियन्त्रण गर्नुपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, “चिल्लो र बोसोजन्य खाना अनि मासु कम खानुपर्छ।” उहाँले समयमै सुत्न, विषादिरहित फलफूल र तरकारी खान तथा धुमपान र मध्यपान नगर्न सुझाव दिनुभयो।

अस्पतालमा पछिल्ला वर्षमा ग्रामीण क्षेत्रबाट मुटुका बिरामी आउन थालेको उहाँको भनाइ छ। विज्ञका अनुसार छातीको बीचको भाग दुख्नु, दम बढ्नु, खुट्टा सुनिनु, घाँटीको रक्तनली फुल्नु, ओठ, जिब्रो र औंलाका टुप्पा निलो हुनु, औंलाका टुप्पा बाक्ला, चाक्ला हुनु, टाउको दुख्ने समस्या देखिएमा मुटुरोग लक्षण हुन् सक्छन् । यस्तै मुटुको धड्कन रोकिने वा छिटो चल्ने, कफमा रगत देखापर्ने, जोर्नी दुख्ने, सुन्निने र ज्वरो आउने हुने गर्दछ । हातखुट्टा ओठ आदि झट्का दिँदै अनियन्त्रितरूपमा चल्नु र छातीमा हात राख्दा धर्केको महसुस हुने भएमा मुटुरोग लागेको हुनसक्ने विज्ञहरूको भनाइ छ।

# फेवा सहकारीको २२ औ साधारण सभा शुभारम्भ

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज




फेवा बचत तथा ऋण सहकारी संस्थाको २२ औ साधारण सभा फेवा सहकारीको जिरो किमी मा निर्मित फेवा टावर भवनको सभाहलमा एक कार्यक्रम बीच शुभारम्भ गरेको छ।

२२औ साधारण सभा शुभारम्भ सभामा राम बजार सोसाईटी युकेका बरिष्ठ सल्लाहाकार समाज सेवी डा. चन्द्र बहादुर गुरुङ्गको प्रमुख अतिथिमा पानसमा दिप प्रज्जलन गरि उद्घाटन गर्नुहुँदै फेवा बचत तथा ऋण सहकारी सस्था २२ औ साधारण सभाको सफलताको शुभकामना दिनुहुँदै सहकारीमा एक पटक आएका सेवाग्रहिलाई सधैं आउने बाताबरण मिलाउनु पर्ने र त्यसो गरेमा सहकारीको प्रभाव राम्रो हुने बिचार ब्यक्त गर्नुहुदै हालको परिस्थितिमा बिभिन्न टेक्नोलजी अपनाई छिटोभन्दा छिटो सदस्य बिच समाचार पुऱ्याउन सकेन अझ राम्रो हुने र सहकारीमा ठूला ठूला शेयर बाड्नु भन्दा साना साना शेयर बितरण गरेमा अझ प्रभावकारी बनाउदै सहकारी लाई अगाडी बढाउनुपर्ने बताउन भयो।

फेवा बचत तथा ऋण सहकारी सस्थाका कार्यबाहक अध्यक्ष सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा शुभारम्भ गरिएको उक्त २२ औ साधारण सभा ४ दिनसम्म आफ्नै भबन जीरो किमी फेवा टावर मा १५ गतेसम्म संचालन गरि १६ गते २२ औ साधारण सभा सम्पन्न गरिने उक्त सभामा सहकारी सदस्य पेन्सन योजना संचालन गरि २०७८ आश्वीन २१ गते घटस्थापनाको दिन देखी नया भवन बाट बैकिङ्ग कारोबार शुभारम्भ गरि बित्तीया कारोबार संचालन गर्दै शेयर बितरण, बचत खाता संचालन, फिक्स डिपोजीट र ऋण लगानीमा केही सहुलियतमा ब्यबस्थापन गरिनका साथ शेयर लाभांश बितरणमा शेयर सदस्यको मागलाई केहि सम्बोधन गर्दै बितरण गरिने कार्य कार्यबाहक अध्यक्ष सम्मर बहादुर श्रेष्ठले जानकारी गराउनु भएकोभयो। उक्त २२ औ साधारण सभा शुभारम्भ कार्यक्रममा सहकारीका सल्लाहाकार एवं राम बजार सोसाइटी युकेका प्रमुख सल्लाहकार महेश गुरुङ, सहकारीका पूर्व अध्यक्ष नारायण प्रसाद भट्टराई आ आफ्नो बिचार राख्नु हुदै पशुपालन, कृषी उत्पादन र शेयर सदस्य लाभान्वित हुने योजना ल्याई अगाडी बढ्नु पर्नेमा जोड दिनु भएको उक्त २२औ साधारणमा फेवा सहकारीका प्रमुख कार्यकारी अधिकृत (सि.ई.ओ) हरिभक्त पौडेलले आर्थिक कारोबारका बिषयमा जगेडा कोष लगायत सबैकोष मजबुत भए हामी बलियो हुने बताउनुहुदै कास्की जिल्लाकै अरब भन्दा बढि कारोबार गर्ने ७ सहकारी भित्र रहेको र सहकारीका सबैकोषहरू मजबुत रहेको र अझ सशक्त बनाउदै लैजाने रणनीतिमा लागेको बताउनुहुदै थुप्रै कोष हरूको ब्यबस्थापन गरिएको बताउनु भयो।

कार्यक्रममा फेवा सहकारीले १० करोड सम्मको शेयर बितरण गरेको, १ अर्ब ५ करोड बराबर को कारोबार संचालन गरिएको फेवा सहकारीका सहकारीका नीति नियमहरूको पालन गरि सबै कोषहरू मजबुत रहेको कोषाध्यक्ष शेरकाजी गुरुङले बताउनु भयो । साधारण सभा कार्यक्रममा सहकारीका सात सिद्धान्त कार्यसमितिका सदस्य किरण बैंध बिजुक्छे सहकारीका सात सिद्धान्त बाचन गर्नु भएको २२औ साधारण सभा शुभारम्भ कार्यक्रममा सहकारीका सचिव दिल बहादुर भट्टराईले स्वागत गर्नुभएको फेवा बचत तथा ऋण सहकारी सस्थाका कार्यबाहक अध्यक्ष एवं २२औ साधारण सभा मुल समितिका संयोजक सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा शुभारम्भ कार्यक्रममा फेवा सहकारीका प्रबन्धक जगन तिमल्सिनाले कार्यक्रम संचालन गर्नुभएको थियो।

# सेवा निवृत्त सैनिकको रहरलाग्दो कालिजपालन

पोखरापत्र संवाददाता
म्याग्दी, १३ असोज

भारतीय सेनाबाट अवकास पाउनुभएका म्याग्दीको बेनी नगरपालिका-२ फाँपरखेतका नवीन घिमिरेले कालिजपालन व्यवसाय सुरु गर्नुभएको छ।

१७ वर्ष भारतीय सेनामा काम गरेर अवकास पाउनुभएका उहाँले गाउँ फर्किएर कालिजपालन सुरु गर्नुभएको हो । उहाँले सुरु गर्नुभएको कालिजपालन व्यवसाय अहिले यस क्षेत्रकै रहरलाग्दो र रमाइलो बनेको छ।

रञ्जिला कृषि तथा पशुपक्षी फर्म दर्ता गरेर २०७७ सालको फागुनबाट व्यवसायिक रूपमा नै कालिजपालन सुरु गर्नुभएको घिमिरेले सात महिनाको अवधिमा राम्रो आम्दानी मात्रै गर्नुभएको छैन, नयाँ व्यवसाय गरेर उदाहरणीयसमेत बन्नुभएको छ । रु २१ लाखको लगानीबाट कालिजपालन सुरु गर्नुभएका घिमिरेको फर्ममा अहिले ६०० कालिज हुर्कंदै छन्। यस अवधिमा उहाँले ११० वटा कालिज बिक्री गर्नुभएको छ। लामो अध्ययनपछि उहाँले फाँपरखेतमा कालिज पाल्ने सोच बनाउनुभएको हो।

“भारतीय गोर्खा सैनिकमा हुँदा आफ्नै गाउँको जस्तै भूगोल भएको दार्जिलिङमा कालिजपालन गरेको देखेर म लोभिएको थिएँ”, ३९ वर्षीय फरासिला घिमिरेले भन्नुभयो, “पाँच वर्षपछि सेवा निवृत्त भएर गाउँ आएँ, यहाँ आउदा नेपाल सरकारले कालिजपालनका लागि अनुमति दिएको थाहा पाएपछि तत्कालै कालिजपालन व्यवसाय सुरु गरेको हुँ।”

घिमिरेले सात रोपनी पाखोबारीलाईघेराबारगरेरजालीले छोपेको खोर बनाउनुभएको छ । त्यही खोरमा चारसय बढी ‘रिङनेट’ जातका कालिज हुर्किरहेका छन्। अधिकांश कालिज बिक्रिका लागि योग्य भएका घिमिरेले बताउनुभयो। कालिज बेनी, भकुण्डे, बागलुङ र पोखराको बजारमा प्रतिगोटा रु तीन हजार ५०० का दरले बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । कालिजका लागि उहाँले रैथाने आहारा (मकै, गहुँ,कोदो) का साथै बजारबाट आयातित दाना खुवाउने गर्नुभएको छ । त्यसका साथै हरियो भूइँ तथा डालेघाँसबाट पनि उहाँले कालिजलाई दानाको व्यवस्थापन गरेको बताउनुभयो । उहाँको फार्ममा स्थानीय तीन जना व्यक्तिले रोजगारी समेत पाएका छन् । निकट भविष्यमा ह्याचिङ मेसिन राखेर आफै चल्ला उत्पादन गर्ने र मासुका लागि भाले कालिजको सङ्ख्या बढाउने उहाँको योजना छ। पाँच महिनामा दुई किलो भन्दा बढी तौल हुने र ती कालिज मासु खानका लागि योग्य हुने उहाँले जानकारी दिनुभयो। कालिजको मासु सबैका लागि स्वादिष्ट र उपयोगी हुने भए पनि विशेष गरी युरिक एसिड भएका व्यक्ति र सुत्केरी महिलाका लागि हितकारक हुने बताएको छ।

पाँचदेखि सात महिनाभित्र बिक्री गर्न योग्य हुने कालिजलाई व्यावसायिक रूपमा विस्तार गर्दै लैजाने सोच उहाँको रहेको छ।

# दसैं लक्षित बजार अनुगमन प्रभावकारी बनाइने

पोखरापत्र संवाददाता
दमौली, १३ असोज

तनहुँमा चाडपर्वलाई लक्षित गरी बजार अनुगमन प्रभावकारी बनाइने भएको छ। प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालको अध्यक्षतामा आज बसेको बैठकले दसैं लक्षित बजार अनुगमन प्रभावकारी बनाउने निर्णय गरेको हो।

उद्योग वाणिज्य सङ्घका पदाधिकारीसहितको बैठकले चाडपर्वमा हुन सक्ने अनियमितता, कालोबजारी, बढी मूल्य, असुली, मालसामानमा हुने गुणस्तरहीनता लगायतका विषयमा सूचना लिई आवश्यकताअनुसार स्थानीय तहसमेतको सहकार्यमा बजार अनुगमनलाई प्रभावकारी बनाउने निर्णय भएको सहायक प्रजिअ चित्राङ्गत बरालले जानकारी दिनुभयो । पसल, गोदामको सरसफाइमा ध्यान दिने एवं पसलमा मूल्यसूची सबै उपभोक्ताले देख्ने गरी अनिवार्य रूपमा टाँस गर्ने/गराउने बैठकले निर्णय गरेको छ । उहाँका अनुसार व्यवसायीले सरल मूल्यमा गुणस्तरीय सामग्री उपभोक्तालाई बिक्री गर्ने सहमति गरेका छन्। साथै उपभोक्ता हितका सन्देशसहितका प्रचार सामग्रीहरू स्थानीय तहसमेतको सहकार्यमा उद्योग वाणिज्य सङ्घ र बजार इकाइहरूले उपभोक्तासम्म लैजाने निर्णय गरिएको छ।

बैठकमा सङ्घका अध्यक्ष पवीन्द्रकुमार श्रेष्ठ, कोषाध्यक्ष दिनेशकुमार श्रेष्ठ, शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि कुमार श्रेष्ठ लगायतको सहभागिता थियो।

# खोप र होटल बुकको आधारमा मनाङ प्रवेश

पोखरापत्र संवाददाता
मनाङ, १३ असोज

कोभिड-१९ को सङ्क्रमणका कारण लामो समयपछि यहाँ विदेशी पर्यटकले प्रवेश पाएका छन्। पर्यटकलाई प्रवेश दिइने भए पनि मापदण्ड भने पूरा गर्नुपर्नेछ । कोभिड-१९को सङ्क्रमण पूर्णरूपमा निर्मूल नहुँदै पर्यटकलाई प्रवेश दिइने भए पनि उनीहरूले मापदण्ड पूर्णरूपमा पालना गर्नुपर्ने प्रमख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो।

उहाँका अनुसार मनाङ प्रवेशका लागि स्वास्थ्य सुरक्षाको मापदण्ड तयार पारिएको र पर्यटकले पूर्ण पालना गर्नुपर्छ । सुरक्षा व्यवस्था पनि कडा गरी प्रवेश दिइने उहाँले बताउनुभयो । “कोभिड पूर्णरूपमा नियन्त्रणमा आएको छैन, सङ्क्रमण कम भएको हो, पूर्णरूपमा निर्मूल भएको होइन, सुरक्षाको मापदण्ड भने पालना गर्नुपर्छ र पर्यटन व्यवसायलाई पनि चलायमान बनाउनुपर्छ”, प्रजिअ लामिछानेले भन्नुभयो । सङ्क्रमणका बाबजुद पनि थलिएको पर्यटन व्यवसाय चलायमान बनाउने प्रयासमा रहेको उहाँ बताउनुहुन्छ।

“मनाङ प्रवेश नाकाबाट नै सुरक्षाको मापदण्ड पालना, कोभिडविरुद्धको खोप पूर्ण मात्रा लगाएको छ वा छैन जाँच गरी प्रवेश गराउनेछौं, यहाँ आउने विदेशी पर्यटकले होटल बुक गरेको छ वा छैन भनेर जाँचसहित प्रवेश दिनेछौं”, उहाँले भन्नुभयो, “जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालयको बैठकबाट निर्णय पारित गरी विदेशी पर्यटकलाई प्रवेश दिने तयारी गरिएको छ।” पर्यटकले कोभिडविरुद्धको खोपको मात्रा पूरा गरेको प्रमाण, यहाँका होटलमा बुक गरेको प्रमाण र भ्रमणमा रहेका सबै पर्यटकले कोभिडको लक्षण देखिएमा तुरुन्तै परीक्षण गर्नुपर्नेछ । कोभिड परीक्षणको नतिजा सकारात्मक भएमा आइसोलेशनमा बस्नुपर्नेछ। नयाँ भेरियन्टसहितको कोभिडको सम्बन्धमा ट्राभल वा ट्रेकिङ एजेन्सीमार्फत जिल्लामा आउने पर्यटकलाई यसबमोजिमको शर्तको पालना गर्ने/गराउने दायित्व सम्बन्धित एजेन्सीको हुनेछ।

# २१ वर्षीय किशोर २१ दिनदेखि सम्पर्कविहीन

पोखरापत्र संवाददाता
वालिङ, १३ असोज

स्याङ्जाको वालिङ नगरपालिका-१३ खानीडाँडाका २१ वर्षीय किशोर २१ दिनदेखि सम्पर्कविहीन बनेका छन्। वालिङ-१३ स्थायी घर भएका सुस्त मनस्थितिका राजकुमार सार्की पाल्पाको पोखराथोकबाट गत भदौ २३ गतेदेखि सम्पर्कविहीन भएका उनका आमा विमया सार्कीले जानकारी दिनुभयो।

दिदी लच्छिमा सार्कीसित पोखराथोक गएको र त्यहींबाट तीजको दरखाने दिन दिउँसो ४ बजेदेखि सम्पर्कविहीन भएको आमा विमयाले बताउनुभयो। “सुस्त मनस्थितिको मेरो छोरो हराएको यतिका दिन भयो, कहाँ छ, के गर्दैछ भन्ने अत्तोपत्तो छैन,” विमयाले भन्नुभयो, “छोरालाई खोज्नका लागि आफन्त, इष्टमित्र जतातते खबर गऱ्यौं तर केही मेसो आएको छैन।” भाइको खोजीका लागि फेसबुक, रेडियोहरूमा सूचना बजाएको दिदी लच्छिमाले बताउनुभयो । कोही कसैले देखेको छ कि कतै छ कि भनेर भाइको फोटो छापेर ठाउँठाउँमा पोष्टर बनाएर टाँसेको दिदी लच्छिमा बताउनुहुन्छ। “भाइ हराएको यत्तिका दिन भयो कहाँ के गर्दै होला, जिउँदो छ/छैन, खोजी कार्य जारी राखेका छौं तर केही पत्तो लागेको छैन,” दिदी लच्छिमाले भन्नुभयो, “भाइको बाटो हेरेर परिवार चिन्तामा तड्पिएका छौं।”

स्पष्टसँग बोल्न नसक्ने, आफू जन्मेको ठाउँसमेत बताउन नसक्ने समस्या उनमा छ। अन्दाजी पाँच फिट अग्लो, मोटो जिब्रो भएको, दाँत किराले खाएको र आँखा रातो भइरहने समस्या राजकुमारमा छ। खोजीका लागि वडा प्रहरी कार्यालय वालिङ, जिल्ला प्रहरी कार्यालय स्याङ्जा, पाल्पा लगायतका कार्यालयहरूमा फोटोसहित खोजी गरिदिनका लागि निवेदन दिइएको दिदी लच्छिमाले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म : १९९०/१२/१७

स्वर्गारोहण : २०७८/०६/०२

स्व. मानमती नेपाली

यस कास्की जिल्ला ह्याण्डबल रेफ्री संघका प्रथम उपाध्यक्ष पदम बहादुर नेपालीकी ममतामयी आमा **मानमती नेपाली**को ८८ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

कास्की जिल्ला ह्याण्डबल संघ
तथा
कास्की जिल्ला ह्याण्डबल रेफ्री संघ परिवार
पोखरा